परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक




वर्ष : ४ अंक : ७०९ पृष्ठ ४ २०८२ माघ २५ गते, आईतबार 8 February, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## महोत्तरीमा चुनावी

# चहलपहलसँगै व्यापार–व्यवसाय चलायमान



टक नेपाल

महोत्तरीमा निर्वाचनको चहलपहल बढेसँगै आर्थिक गतिविधिमा पनि बढोत्तरी हुन थालेको छ । खासगरी होटल व्यवसायी यसबाट लाभान्वित भएका छन् । राजनीतिक दल र तिनका उम्मेदवारका साथै कार्यकर्ताको सघन उपस्थितिले आगामी एक महिनासम्म ग्राहकको अभाव नहुने होटल व्यवसायी बताउँछन् ।

"निर्वाचन चहलपहले हाम्रो व्यस्तता बढेको छ", बर्दिबासका होटल सञ्चालक तथा होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरीका महासचिव नारायण घिमिरे भन्छन्, "अबको एक महिना हाम्रो व्यवसाय जम्ने ठानेका छौं ।" जिल्लाका सबै भेगका बजारमा होटल व्यवसाय राम्रो चलेका उनको भनाइ छ ।

प्रतिनिधिसभा क्षेत्र-१ को बर्दिबासमा विभिन्न दल र स्वतन्त्र उम्मेदवारका निर्वाचन परिचालन कार्यालय सञ्चालनमा आएसँगै होटलमा ग्राहकको सङ्ख्या ह्वात्तै बढेको छ । बर्दिबासचोक वरपर १० वटा दलले निर्वाचन परिचालन कार्यालय सञ्चालनमा ल्याएका छन् । यी कार्यालय सञ्चालनमा आएलगत्तै बजार चहलपहल ह्वात्तै बढेको बर्दिबासकै अर्का होटल व्यवसायी विमल भण्डारी बताउँछन् ।

जिल्लाका चारवटा निर्वाचन क्षेत्रका सबैजसो केन्द्र (निर्वाचन अधिकृतको कार्यालय स्थापना भएका ठाउँ) बजार क्षेत्रमै छन् । क्षेत्र नम्बर-१ को बर्दिबास, २ को बलवा, ३ को जलेश्वर र चारको रामगोपालपुरमा निर्वाचन अधिकृतको कार्यालय छ ।

अहिले यी ठाउँमात्र नभएर मटिहानी, पिपरा, मनरा, सम्सी, गौशाला, सीतापुर, लोहारपट्टी, औरही, खयरमारा, सरपल्लो, रौजासहितका बजार क्षेत्रका होटल ग्राहकले खचाखच देखिन्छन् । यी ठाउँमा दल र स्वतन्त्र उम्मेदवारका कार्यकर्ताको जमघट बढेसँगै बजारु चहलपहलमा वृद्धि भएको रौजाबजारका सामाजिक कार्यकर्ता मन्सुल कवारीको भनाइ छ ।

चुनावी चहलपहलले होटलमात्र नभएर अन्य व्यापार व्यवसाय पनि चलायमान भएको व्यापारी बताउँछन् । "अहिले चुनावले बजारमा चहलपहल बढेको छ", सीतापुर बजारका कपडा व्यापारी सहवुल अन्सारी भन्छन्, "व्यापारीलाई राहत मिलेको छ ।" बजारमा चहलपहल बढेको छ । यससँगै झण्डा, ब्यानर, पर्चा र पम्प्लेटका लागि कपडा पसल, पेन्टर र प्रेसमा चुनावी प्रयोजनका ग्राहक बढ्दै गएका गौशाला बजारका अजय साहको भनाइ छ ।

निर्वाचन जनजन र घरघर परिचालित हुने 'महापर्व' जस्तै हो । आगामी फागुन ३ गतेपछि चुनावी प्रचार औपचारिक रुपमा सुरु भएपछि चहलपहल झन बढ्ने जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष शिवचन्द्र चौधरीको भनाइ छ ।




## विभाजनबीच

# जनमतको चुनावी दाबीः १६–१८ सिट



टक नेपाल

२०७९ सालको प्रतिनिधिसभा निर्वाचनबाट तराई-मधेसमा वैकल्पिक राजनीतिक शक्तिका रूपमा उदाएको जनमत पार्टी आन्तरिक विभाजनका आरोपका बीच पुनः चुनावी मैदानमा उत्रिएको छ। पार्टी अध्यक्ष सीके राउतले विभाजनले पार्टीको राजनीतिक हैसियतमा कुनै असर नपर्ने दाबी गर्दै मधेसका ३२ निर्वाचन क्षेत्रमध्ये १६ देखि १८ सिट जित्ने दाबी गरेका छन्।

२०७९ को निर्वाचनमा सप्तरी-२ बाट जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादवलाई पराजित गरेपछि राउत राष्ट्रिय राजनीतिमा चर्चामा आएका थिए। उक्त निर्वाचनमा जनमत पार्टीले प्रत्यक्षतर्फ एक र समानुपातिकतर्फ पाँच सिट जितेको थियो। मधेस प्रदेशसभामा प्रत्यक्ष ६ र समानुपातिक ७ गरी १३ सांसदसहित जनमत तेस्रो ठूलो दल बनेको थियो। केन्द्रमा सत्ताको सहयात्री बनेको जनमतले मधेस प्रदेशमा १४ महिना सरकारसमेत सञ्चालन गरेको थियो।

तर, एक चुनावी चक्र पूरा नहुँदै पार्टीभित्र विभाजन देखिएको छ। केही शीर्ष नेताहरूले अध्यक्ष राउतमाथि तानाशाही र परिवारवादको आरोप लगाउँदै पार्टी परित्याग गरेका छन्। यसप्रति प्रतिक्रिया दिँदै राउतले विभाजनलाई सामान्य राजनीतिक प्रक्रिया भएको बताए।

राउतले राष्ट्रिय स्वतन्त्र पार्टीलाई लक्षित गर्दै नयाँ शक्ति भन्दै भ्रम फैलाइएको आरोप लगाए। नागरिकता, बजेट र भूमि सम्बन्धी विधेयकमा रास्वपाले मधेसविरोधी भूमिका खेलेको उनको दाबी छ।

सप्तरी-२ मा प्रतिस्पर्धा सहज हुने विश्वास व्यक्त गर्दै राउतले आफ्नो कार्यकालमा विकास, जनसेवा र सामाजिक मुद्दामा उल्लेखनीय काम भएको दाबी गरे। उनका अनुसार जनमत पार्टी यसपटक अनुभवी उम्मेदवार र जनताको विश्वासका साथ चुनावमा होमिएको छ।

## मानव बेचबिखन विरुद्ध सचेतना

- ❖ बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- ❖ विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- ❖ पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- ❖ समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ❖ ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ ।
- ❖ व्यक्तिगत तवबाट आफु सचेत हि पवाि साथीहरू सवलाइ सचेतना फलाउने ।
- ❖ शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित िनकायसँग समन्वय गने ।
- ❖ चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- ❖ सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- ❖ मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी ग सकाी संघसंस्थाहरूसँग समन्वय गने ।
- ❖ पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।

भंगहा नगरपालिका, महोत्तरी, मधेश प्रदेश



पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### संकटमा स्वदेशी जुत्ता उद्योग

स्वदेशी जुत्ता-चप्पल उद्योग आज गम्भीर विरोधाभासको शिकार बनेको छ। एकातिर अर्बौं लगानी, लाखौं जोर उत्पादन क्षमता र हजारौं रोजगारी सिर्जना गर्ने सम्भावना भएको उद्योग छ, अर्कोतिर अवैध आयात र राज्यको उदासीनताले त्यसलाई थला पारेको अवस्था छ। आन्तरिक माग पूर्ति गर्न सक्ने हैसियत हुँदाहुँदै पनि उद्योगहरू कुल क्षमताको एकतिहाइमा सीमित छन् भने करोडौं जोर जुत्ता चोरीपैठारीबाटबजारमाछ्यापछ्याप्तीछन्।

विश्व बजारमा फुटवेयर उद्योग तीव्र गतिमा विस्तार भइरहेको छ। भारतजस्ता छिमेकी मुलुकले स्वतन्त्र व्यापार सम्झौता गर्दै आफ्ना उत्पादनलाई विश्व बजारमा स्थापित गरिरहेका छन्। तर नेपालमा भने चोरीपैठारी नियन्त्रण, कच्चा पदार्थ व्यवस्थापन, दक्ष जनशक्ति विकास र निर्यात प्रवर्द्धनजस्ता आधारभूत सवालमा राज्यको स्पष्ट नीति देखिँदैन।

यसको प्रत्यक्ष असर उद्योगी मात्र होइन, राज्यको राजस्व, रोजगारी र आर्थिक आत्मनिर्भरतामा परेको छ। स्वदेशी उद्योग संरक्षण गर्नु संरक्षणवाद होइन, राष्ट्रिय अर्थतन्त्रसुदृढगर्नेदीर्घकालीनरणनीतिहो।

अब सरकार, राजनीतिक दल र सरोकारवालाहरूले संयुक्त रूपमा अवैध आयात नियन्त्रण, स्वदेशी उत्पादनको अनिवार्य उपभोग र उद्योगमैत्री नीतिमा गम्भीर पहल नगर्ने हो भने सम्भावनायुक्त यो उद्योग अवसर गुमाउने उदाहरणमै सीमित हुने खतरा छ

# जिल्लामा आचारसंहिताको उल्लङ्घन

• टक नेपाल



सप्तरी, माघ २४ गते । नेपाल विद्यार्थी संघ सप्तरीले जिल्लामा निर्वाचन आचारसंहिताको गम्भीर उल्लङ्घन भइरहेको भन्दै शुक्रबार प्रमुख निर्वाचन कार्यालयमा ध्यानाकर्षण पत्र बुझाएको छ।

नेपाल विद्यार्थी संघका जिल्ला अध्यक्ष राकेश ठाकुरको नेतृत्वमा गएको एक टोलीले ध्यानाकर्षणपत्र बुझाएको हो । निर्वाचनलाई स्वच्त्र, निष्पक्ष र धाँधलीरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यका साथ ध्यानाकर्षणपत्र बुझाइएको सङ्घका अध्यक्ष ठाकुरले बुझाएको ध्यानाकर्षणपत्रमा उल्लेख छ।

जिल्लाका विभिन्न स्थानहरूमा विशेष गरी जनमत पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वया), जसपा, स्वाभिमान पार्टी लगायतका दलहरूबाट आचारसंहिता विपरीत गतिविधिहरू भइरहेको, व्यानर र झण्डाको दुरुपयोग, सार्वजनिक स्थल तथा विद्युतको पोल एवम् निजी घरहरूमा तोकिएको मापदण्ड विपरीतका ठुला व्यानर र झण्डाहरूको व्यापक प्रयोग भइरहेको ध्यानाकर्षण पत्रमा दाबी गरिएको छ।

यस्तै प्रचार-प्रसारका नाममा ठुला-ठुला साउन्ड सिस्टम, माइक लगायतको प्रयोगले ध्वनि प्रदूषण भइरहेको तथा त्यसले जनजीवन प्रभावित पारेको पत्रमा उल्लेख छ।

नेविसंघले ध्यानाकर्षणपत्र बुझाए लगत्तै अनुगमनको क्रममा निर्वाचन अनुगमन टोलीले राजविराजस्थित गजेन्द्र चोकमा बसमा भुण्ड्याइएको उज्यालो नेपाल पार्टीको ब्यानर प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले आफैँ निकालेका छन्। यस्तै सोही स्थानामा एक स्कारपियोबाट जसपा नेपालको झण्डा र ब्यानर समेत हटाउन लगाइएको छ। सोही स्थानबाट निर्वाचन अनुगमन टोलीले एक गाडीबाट रास्वपाको झण्डा समेत हटाउन लगाएको छ।

यता निर्वाचन आयोगले फागुन ४ गतेदेखि १८ गतेसम्मका लागि खुला रूपमा प्रचार प्रसारका साथै झण्डा, तुल, पर्चा, पम्प्लेट वितरण तथा टास गर्न भनेको छ। तर अहिले जिल्लामा व्यापक रूपमा आचारसहिताको उल्लङ्घन भइरहेको गुनासो आएपछि अनुगमन समितिले आचारसहिता पालना गर्न गराउन सक्रियताका साथ लागेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

**पालिकावासीहरूमा जनहितमा जारी सूचना**

- आफुले सञ्चालन गरेको व्यापार व्यवसायको समयमै नविकरण गरौं।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पार्ने किसिमका वस्तुको बिक्री वितरण नगरौं।
- दर्ता गरेर मात्र व्यापार व्यवसाय संञ्चालन गरी असल व्यवसायीको पहिचान कायम गरौं।
- बिना इजाजत मदिराजन्य पदार्थको बिक्री तिरण नगरौं।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर बिक्री वितरण नगरौं।
- समयमै कर तिरौं : जरिवाना र हर्जना बाट बचौं।

एकडारा गाउँपालिका, महोत्तरी, मधेश प्रदेश






# पुरानै मुद्दा बेचेर मतदाता फकाउँदै मधेस केन्द्रित दलहरू

● टक नेपाल



जेनजी आन्दोलनपछि फागुन २१ मा हुन गइरहेको चुनावमा अधिकांश दलहरू घोषणापत्र बिना नै होमिएका छन् । विभिन्न आश्वासन दिएर दलहरूले मतदातालाई रिझाउने काम गरिरहेका छन् ।

देशैभर वैकल्पिक शक्तिका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी सबै दलका लागि चुनौती बनेको छ । यस अवस्थामा तराई-मधेस केन्द्रित दलहरू पनि मतदातालाई फकाउन आ-आफ्ना एजेन्डा र प्रतिबद्धताहरू अघि सारिरहेका छन् ।

जनता समाजवादी पार्टी (जसपा) नेपालले 'जसपा नेपाललाई भोट किन ?' भन्दै १२ वटा कारण अघि सारेर मतदातालाई आश्वस्त पार्ने प्रयास गरिरहेको छ भने जनमत पार्टीले पनि पुरानै एजेन्डा तथा मुद्दाहरू अघि सारेर जनतालाई फकाउने काम गरिरहेको छ । राष्ट्रिय मुक्ति पार्टी नेपाल र नागरिक उन्मुक्ति पार्टीले पनि पहिचानको मुद्दा अघि सारेर मतदातालाई आकर्षित गर्ने काम गरिरहेका छन् ।

त्यसमा सबै दलको साझा एजेन्डा र मुद्दा भनेकै संविधान संशोधन हो । जसपा नेपाल र जनमत पार्टीले संविधान संशोधनलाई मुख्य एजेन्डा बनाएका छन् भने राष्ट्रिय मुक्ति पार्टी नेपाल र नागरिक उन्मुक्ति पार्टीले संविधान संशोधन होइन, पुनर्लेखन नै गर्नुपर्ने बताइरहेका छन् ।

पहिलो र दोस्रो मधेस जनविद्रोहले मधेसी पहिचान, समान अधिकार र राज्य पुनर्संरचनालाई राष्ट्रिय राजनीतिको केन्द्रमा पुऱ्याएको र त्यसको नेतृत्व जसपा नेपालले गरेको उक्त दलको दाबी छ । मधेसलाई मरुभूमीकरणतर्फ धकेल्ने उद्देश्यसहित ल्याइएको भूमि विधेयक जसपा नेपालकै अडानका कारण फिर्ता भएको भन्दै सो पार्टीले चुनावमा यसलाई विशेष रूपमा उठाइरहेको छ । नागरिकताको समस्या समाधान पनि जसपा नेपालले नै गरेको दाबी मतदातासमक्ष गरिएको छ । साथै, जसपा नेपालले सरकार र सत्तालाई कहिले पनि प्राथमिकतामा नराखेको दाबी समेत गरेको छ ।

### मुख्य एजेन्डा संविधान संशोधन

जसपा नेपालका महासचिव रामकुमार शर्माले भने, 'जेनजीहरूले जुन मुद्दा उठाएर आन्दोलन गरे, त्यो मुद्दा हाम्रो थियो । हामीले नै वर्षौंदेखि उठाउँदै आएको मुद्दा थियो त्यो । तर, जुन मुद्दाको आडमा आन्दोलन भएको थियो, अहिले त्यसलाई छाडेर नयाँ शक्तिहरू अर्कैतिर गइरहेका छन् ।'

भ्रष्टाचारको अन्त्य, सुशासन, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र राज्यको हरेक निकायमा समावेशितालगायतका मुद्दा जसपा नेपालले सुरुदेखि उठाउँदै आएको दाबी गर्दै उनले यो चुनावमा पनि आफूहरूले यसलाई एजेन्डाका रूपमा अघि सारेको बताए । २०८४ को चुनाव २०८२ मा भइरहेको र त्यसको मुख्य माग नै संविधान संशोधन रहेको भन्दै उनले चुनावपछि बन्ने सरकारले व्यापक रूपमा संविधान संशोधन गरेर जनताका एजेन्डा समावेश गर्ने अपेक्षा आफूहरूले गरेको र मतदातालाई पनि त्यही कुरा भनिरहेको बताए ।

संविधान संशोधनको माग आफूहरूले २०७२ देखि नै उठाउँदै आएको र अहिले आएर मात्र सबै नयाँ तथा पुराना दलहरू त्यसमा सहमत भएको बताउँदै उनले संविधान संशोधन भए मात्र सबै समस्या समाधान हुने जिकिर गरे ।

### स्वराज ल्याउने प्रतिबद्धता

संविधानको पूर्ण संशोधन गरी बहुराष्ट्रिय लोकतन्त्र स्थापना गर्ने भन्दै राष्ट्रिय मुक्ति पार्टी (रामुपा) ले सबै समुदायलाई आत्मनिर्णय, स्वायत्तता एवं समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्ने प्रतिबद्धता मतदातासमक्ष जनाइरहेको छ । रामुपाले मतदातालाई भनिरहेको छ, 'केवल सत्ता परिवर्तन होइन, चेतना परिवर्तन पनि हुनुपर्छ ।'

आदिवासी जनजाति, मधेसी, दलित र पिछडिएका क्षेत्रलाई स्वशासन र आत्मनिर्णयको अधिकार प्रदान गर्नुका साथै प्रत्येक सांस्कृतिक राष्ट्रको पहिचान, भाषा, धर्म र परम्परालाई संवैधानिक संरक्षण दिने प्रतिबद्धता पार्टीले जनाइरहेको छ ।

ग्राम स्वराज, गणराज्य स्वराज र बहुलराष्ट्र स्वराज गरी रामुपा नेपालले ती स्वराजको अवधारणा लिएर मतदातामाझ गएको छ । ग्राम स्वराजले स्थानीय समुदायको स्वशासनको सुनिश्चितता गर्नेछ भने गणराज्य स्वराजले सांस्कृतिक संघीयता वा क्षेत्रीय/जातीय स्वायत्तताको ग्यारेन्टी गर्ने दाबी सो पार्टीले गरेको छ । बहुलराष्ट्र स्वराजले साझा राष्ट्रिय ढाँचा निर्माण गर्ने भनिएको छ ।

रामुपा नेपालका महासचिव केशव झाले आफूहरूको एजेन्डा सबै दलभन्दा फरक रहेको दाबी गरेका छन् । अहिलेको अवस्थामा साम्यवाद, उदारवाद र समाजवाद सबै असफल भइसकेकाले आफूहरूले स्वदेशवाद, बहुल राष्ट्रवाद र सामुदायिक समाजवादको अवधारणा अगाडि सारेको उनले बताए । अरू सबै दलले संविधान संशोधनको कुरा उठाइरहेका छन् तर आफूहरूले संविधान पुनर्लेखन नै गर्नुपर्छ भनिरहेको उनको भनाइ छ ।

### अन्तर्राष्ट्रिय रूपमा मधेसलाई चिनाएको दाबी

रंगभेदको मुद्दा स्थापित गरेको, डा. सीके राउतले १० दिने आमरण अनशन र अहिंसात्मक आन्दोलन गरी अन्तर्राष्ट्रिय मञ्चमा मधेस आन्दोलनलाई उचाइ दिएको, मधेसको इतिहास लेखेर प्रचार गरी सदाका लागि स्थापित गरेको, विदेशमा अलपत्र परेका नागरिकलाई उद्धार गरी ल्याएको, मधेसलाई यूएन, यूएनपीओ, आईसीएपीपी आदि अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गराएको र संसदमा मधेसी भाषामा शपथ लिएको विषयलाई जनमत पार्टीले अघि सारेको छ ।

अध्यक्ष राउत सांसारिक मोहबाट टाढा रहन सन्यास ग्रहण गरेका संन्यासी र आध्यात्मिक साधनामा अग्रसर रहेको तथा युवा अवस्थामै सबै कुरा त्यागेर राजनीतिमा आएका कारण आफ्नो पार्टीलाई मत दिनुपर्ने जनमत पार्टीका नेताहरूले भन्दै आएका छन् ।

जनमत पार्टीका महासचिव चन्दन सिंहले आफूहरूले 'नौलो गणतन्त्र' लाई मुख्य एजेन्डा बनाएको बताए । देशको अबको निकास नै नौलो गणतन्त्र रहेकाले चुनावमा त्यसलाई मुख्य एजेन्डा बनाएको उनको भनाइ छ । जेनजी आन्दोलन नौलो गणतन्त्रका लागि नै भएको र जुन कुरा आफूहरूले सुरुदेखि उठाउँदै आएको बताउँदै उनले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुनुपर्ने, प्रदेशलाई स्वायत्त गर्नुपर्ने, स्थानीय तहलाई प्रदेशअन्तर्गत राख्नुपर्ने र आर्थिक स्वायत्तता कायम गर्नुपर्ने जस्ता माग लिएर आफूहरू चुनावमा होमिएको बताए ।

### पहिचानका मुद्दा

नागरिक उन्मुक्ति पार्टीका उपाध्यक्ष अब्दुल खानले समुदायमा आधारित समाजवादका लागि आफूहरू संघर्ष गर्दै चुनावमा होमिएको बताए । उनले भने, 'हाम्रो मुख्य मुद्दा नै पहिचान हो, भौगोलिक समानताका आधारमा हरेक नागरिकले पहिचान पाउनुपर्छ भन्ने एजेन्डा बनाएर चुनावमा होमिएका हौँ ।'

पहिचानवादी समुदायलाई जबसम्म मूलधारमा ल्याइँदैन तबसम्म देश अगाडि बढ्न सक्दैन भन्दै उनले आर्थिक समृद्धिका लागि पनि हरेक नागरिक सबल हुनुपर्ने र त्यो माग आफूहरूले संसदमा उठाउने भन्दै मतदातासँग मत मागिरहेको बताए । यी सबै कार्यका लागि संविधान संशोधन हुनैपर्ने र चुनावपछि बन्ने नयाँ सरकारलाई संविधान संशोधनको मुद्दा अगाडि बढाउनका लागि दबाब दिने पनि उनले बताए ।

सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं,
पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ-मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

एकडारा गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# नेपाल टी-२० विश्वकपका लागि तयार



• टक नेपाल

तेस्रो पटक आइसिसी टी-२० विश्वकप २०२६ को यात्रा तय गरेको नेपालले आइतबार बलियो इङ्ल्यान्डसँग खेल्दै विश्वकपको औपचारिक सुरुवात गर्ने छ।

नेपाल र इङ्ल्यान्डबिचको खेल मुम्बईस्थित वानखेडे स्टेडियममा साँझ ३:१५ बजे सुरु हुने छ। नेपालले विश्वकपका लागि आफ्नो सम्पूर्ण तयारी पूरा गरेको छ।

इङ्ल्यान्डसँगको खेल खेल्नका लागि टोली तयार रहेको नेपालका कप्तान रोहित पौडेलले बताउनुभएको छ। क्याप्टेन्स मिटमा कप्तान रोहितले नेपालले यसअघिका खेलमा टेस्ट राष्ट्रलाई हराएको स्मरण गर्दै यस विश्वकपमा पनि हराउन सक्ने क्षमता रहेको बताउनुभएको थियो।

"नेपालले विश्वकपमा लागि राम्रो तयारी गरेको छ। हामीले टेस्ट राष्ट्रलाई हराएका छौँ। टोलीका सबै खेलाडी उत्साहित छौँ। सबै खेलमा राम्रो नतिजा निकाल्दै सुपर आठमा पुग्ने छौँ," रोहितले भन्नुभएको छ। विश्वकपमा नेपाल समूह समूह 'सी' मा रहेको छ। यस समूहमा बलियो टोली दुई पटकको विजेता इङ्ल्यान्ड र वेस्ट इन्डिजसँगै इटाली र स्कटल्यान्ड रहेको छ।

भारतसँगको विवादले बङ्गलादेशले विश्वकपमा नखेल्ने निर्णय गरेपछि आइसिसीले वरीयताको आधारमा स्कटल्यान्डलाई मौका दिएको हो। इटालीले पहिलो पटक क्रिकेट विश्वकप खेल्दैछ।

नेपालले समूहको दोस्रो खेल माघ २९ गते इटाली, फागुन ३ गते वेस्ट इन्डिज र फागुन ५ गते स्कटल्यान्डसँग खेल्ने छ। नेपालले समूह चरणका सबै खेल मुम्बईस्थित वानखेडे स्टेडियममा खेल्ने छ। नेपालले समग्रमा तेस्रो र लगातार दोस्रो पटक टी-२० विश्वकप खेल्न लागेको हो। यसअघि नेपालले सन् २०१४ र सन् २०२४ को अघिल्लो संस्करण खेलेको थियो।

# नागरिक स्थान र जवाफदेहिता सुदृढ बनाउन माग

• टक नेपाल



मधेश प्रदेशका नागरिक समाजका प्रतिनिधिहरूले समुदायको सशक्तीकरणका लागि नागरिक स्थानको सुदृढीकरण, सरकारी जवाफदेहिता र समावेशी नीतिको आवश्यकतामा जोड दिएका छन्।

जनकपुरमा शुक्रबार आयोजित 'स्थानीय स्तरमा नागरिक संवादको पुनर्जागरण' विषयक बहुसरोकारवाला संवाद कार्यक्रममा सहभागीहरूले सिमान्तकृत समुदायको आवाजलाई निर्णय प्रक्रियाको मूलधारमा ल्याउन स्थानीय स्तरका नागरिक समाजका संस्थाहरूलाई बलियो बनाउनुपर्ने बताएका हुन्।

कार्यक्रममा सहभागी नागरिक समाज तथा सामुदायिक संस्थाका प्रतिनिधिहरूले कमजोर सरकारी जवाफदेहिता र नागरिक समाजको भूमिकालाई खुम्च्याइएको प्रति चिन्ता व्यक्त गरे।

उनीहरूले पारदर्शी रूपमा काम गर्दै विशेष गरी शिक्षा, स्वास्थ्य र सार्वजनिक चासोका क्षेत्रमा समावेशी नीतिका लागि वकालत जारी राख्नुपर्नेमा जोड दिए।

नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन गुप्ताले भन्नुभयो, "पत्रकारहरू अग्रपङ्क्तिमा रहे पनि नागरिक स्थानलाई एक्लै अगाडि बढाउन सकिँदैन। सरकारी संस्थाहरू जनताप्रति जवाफदेही नहुँदा नागरिक समाजको प्रगति रोकिएको छ।"

कानुनकी विद्यार्थी नितु कुमारी यादवले लैंगिक हिंसाका घटनाहरूमा नागरिक समाजले आवाज उठाए पनि प्रहरी र स्थानीय सरकारले आफ्नो जिम्मेवारी पुरा नगर्दा समुदायले दुःख पाइरहेको उल्लेख गर्नुभयो।

उहाँले स्थानीय स्तरमा शिक्षा र स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउनु नागरिक समाजको प्राथमिकता हुनुपर्ने बताउनुभयो।

त्यस्तै, समग्र विकास सेवा केन्द्रका सामाजिक अभियन्ता वीरेन्द्र रविदासले मधेशको न्यून साक्षरता दरप्रति चिन्ता व्यक्त गर्दै भन्नुभयो, "विद्यालय व्यवस्थापन समितिहरू राजनीतिक स्वार्थको थलो बनेका छन्। जबसम्म सामुदायिक विद्यालयको गुणस्तर सुधार हुँदैन, साक्षरता दरमा अपेक्षित वृद्धि सम्भव छैन।"

कार्यक्रममा अधिकारकर्मी प्रदीप कुमार यादवले मधेशका प्रमुख प्रादेशिक संवादहरूमा अझै पनि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका आवाजहरू ओझेलमा परेको बताउनुभयो।

सजिलो पोस्टका गिरिजानन्द साहले नागरिक समाजका संस्थाहरूलाई तटस्थ रहन र बढ्दो भ्रामक सूचनाविरुद्ध सचेत रहन आग्रह गर्नुभयो। सन् २०२६ को संघीय निर्वाचन नजिकिँदै गर्दा सञ्चार माध्यमले डिजिटल साक्षरता प्रवर्द्धन गर्नुपर्नेमा उहाँको जोड थियो।

नेपाल पत्रकार महासंघ मधेश प्रदेशकी उपाध्यक्ष ज्योति झाले नागरिक समाजभित्रैको राजनीतीकरण र स्वार्थको द्वन्द्वले वकालत गर्ने क्षमता कमजोर बनाएको स्वीकार गर्नुभयो। उहाँले भन्नुभयो, "यदि हामीले आफ्नै संस्थाहरूभित्र पारदर्शिता र जवाफदेहिता कायम गर्न सकेनौँ भने अरूका लागि बोल्ने नैतिक धरातल गुमाउन सक्छौँ।"

सामुदायिक रेडियो प्रसारक संघ (एकोरब) नेपालकी मधेश प्रदेश अध्यक्ष उपासना तिवारीले ३८० भन्दा बढी सामुदायिक रेडियोको नेटवर्कमार्फत नागरिक समाजको आवाज बुलन्द गर्ने प्रतिबद्धता जनाउनुभयो।

एकोरब र एआईएन नेपालको संयुक्त आयोजनामा भएको उक्त कार्यक्रममा ४५ भन्दा बढी पत्रकार, शिक्षक, युवा अभियन्ता, महिला समूह र विभिन्न सीमान्तकृत समुदायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रमले तटस्थ नेतृत्व, युवा सहभागिता, र डिजिटल साक्षरता अभिवृद्धि गर्नुपर्ने निष्कर्ष निकालेको छ।

Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883
खुशी मेडिकल हल
बर्दिबास-२, महोत्तरी
औषधी पसल
यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ।

जनहितमा जारी
❖ बिना अनुमति बोडिङ नगनुहोस्।
❖ भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
❖ जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
❖ खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआंं।
❖ सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
❖ गहिो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
❖ अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
❖ सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गांं।
❖ बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गांं।
❖ पानीको सिइकल पुनःप्रयोग प्रविधि प्रयोगमा ल्याआंं।
❖ कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआंं।
❖ जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गांं।
❖ 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उताांं।



सम्सी गाउँपालिका,महोत्तरी

परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?
यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-



सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
घर वरपर पानी जम्न नदिने
बर्दिवास नगरपालिका, महोत्तरी, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014